# आर्थिक वर्ष २०७९/८० को

# नीति तथा कार्यक्रम

चक्रघट्टा गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

### मधेश प्रदेश नेपाल

मिति २०७९/०३/१०

चक्रघट्टा गा.पा. को १० औं गाउँसभा २०७९/८०

**सम्मानित गाउँसभाका उपाध्यक्षज्यू,**

गाउँसभाका दस्यज्यूहरु,

प्रमुख प्रशासकीय अधिकृत, सबै राष्ट्रसेवक कर्मचारीज्यूहरु, संचारकर्मी तथा सभामा उपस्थित सम्पूर्ण सहभागीज्यूहरुमा चक्रघट्टा गाउँपालिकाको **दशौ गाउँसभा** आर्थिक वर्ष **२०७९/८०** को नीति, योजना तथा कार्यक्रम प्रस्तुत समारोहमा हाम्रो आमन्त्रणलाई स्वीकार गरी उपस्थित हुनुभएकोमा गाउँपालिकाको र मेरो व्यक्तिगत तर्फबाट **हार्दिक स्वागत तथा अभिवादन गर्न चाहन्छु ।**

आजको यस अवसरमा संघीयता, गणतन्त्र र लोकतन्त्र एवं राष्ट्रको आर्थिक, सामाजिक र राजनीतिक रुपान्तणका लागि विभिन्न कालखण्डमा भएको ऐतिहासिक जनआन्दोलहरुमा आफ्नो प्राण उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात/अज्ञात सहिदहरुप्रति श्रद्धा सुमन प्रकट गर्दै उहाँहरुको योगदानको कदर र स्मरण गर्न चाहन्छु ।

स्थानीय सरकार गठन भएदेखि नै हामी नीति निर्माण, विकास र सेवा प्रवाहमा कार्यशिल रहँदै संघीय लोकतान्त्रिक गणत्रान्तमक व्यवस्थालाई संस्थागत गर्न प्रयत्नशील छौ । यस चक्रघट्टा गाउँपालिकालाई समृद्ध तथा विकशित बनाउने काम आफैमा चुनौतिपूर्ण भएतापनि निर्माणका विभिन्न चुनौति, अप्ठयाराका खुडकिलाहरु पार गर्दै आएका छौ । समृद्ध चक्रघट्टा गाउँपालिका बनाउने कार्यमा यहाँहरुले गर्दै आउनुभएको रचनात्मक सहयोग तथा योगदानहरुलाई चक्रघट्टा गाउँपालिकाले कदर गर्दै आगामी दिनहरुमा पनि यस्ता रचनात्मक सहयोग र सकारात्मक भूमिकाको अपेक्षा राखेका छौ । संविधानले स्थानीय तहलाई दिएको कार्यपालिकीय, व्यवस्थापकीय र न्यायीक अधिकारमध्ये आज हामी गाउँसभा मार्फत व्यवस्थापकीय अभ्यासमा छौ ।

चक्रघट्टा गा.पा.को १०औं गाउँसभा २०७९/८०

**गाउँसभाका सदस्यज्यूहरु,**

स्थानीय सरकार, नेपाली जनताको दशकौँ देखिको त्याग, वलिदान र लामो संघर्षबाट प्राप्त ऐतिहासिक संविधानसभाबाट जारी भएको नेपालको संविधान अनुसार स्थापीत स्थानीय तहका अधिकारीहरुलाई अभ्यास गर्ने अभियानमा हामी अघि बढिरहेका छौं । नेपालको संविधान तथा अन्य प्रचलित कानूनले जनताले पाउने सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माण कार्यलाई तिब्रता प्रदान गरि छिटो छरितो एवं सहज बनाई उनीहरुको जीवनस्तर उकास्न तथा स्थानीय सरकारको परिकल्पना गरी यथेष्ठ अधिकारहरु दिएका छन् । यस क्रममा हामी ६ आर्थिक वर्षका ६ वटा नीति तथा कार्यक्रम, बजेटहरु कार्यान्वयन गरि सकेका छौं । आज हामी चक्रघट्टा गाउँपालिकाको सम्मानित दशौं गाउँ सभामा आगामी आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुति गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु ।

यो गाउँपालिका लोकतन्त्रका आधारभूत मूल्यमान्यता, बहुलवादी खुला समाज, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दे विधिको शासनप्रति पूर्णप्रतिवद्ध रहने छ। लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिका रुपमा स्थापित गर्न प्रयत्नशील रही सबै गाउँपालिकाबासिले यसको अनुभूति गर्न सकुन भन्नेमा हामी अत्यन्त सचेत रहने छु ।

गाउँपालिका भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा गाउँपालिका दृढ रहनेछ । हामी योजनावद्ध र प्राथमिकताका आधारमा विकास निर्माणका कामहरु अघि बढनुपर्छ भन्नेमा प्रतिवद्ध छौ । **"जनताका मालिक होइन, सेवक हौं"** भन्ने मान्यताका आधारमा उत्तरदायी, पारदर्शी, मेहनती र सहयोगी संयन्त्रवाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई हामीले आफ्नो

मार्गदर्शनको रुपमा ग्रहन गरेका छौँ । यो नीति तथा कार्यक्रम संघीयताको कार्यान्वयसँगै सिँहदरवारको अधिकार जनताको बीचमा पूर्याउन कोशेढुँङ्गा सावित हुने अपेक्षा गरेका छौँ ।

आ.व. २०७९/०८० का लागि समृद्धि एवं प्रगतिका खातिर देहाय बमोजिमका नीति तथा कार्यक्रम त्यार गरेकोछु । यि नै नीतिको सम्बोधन एवं कार्यक्रमको कार्यान्वयन हुनेगरी **केंद्रिय सरकारबाट** विनियोजित वित्तिय समानिकरण तर्फ ११ करोड ७ लाख, शसर्त अनुदान चालु ११ करोड ४ लाख, शसर्त अनुदान पूँजीगत १ करोड २५ लाख, राजश्व बाँडफाडबाट ७ करोड ७९ लाख ५७ हजार, सामाजिक सुरक्ष कार्यक्रमका लागि अनुमानित ९ करोड ६७ लाख ७६ हजार र **प्रदेश सरकारबाट** राजश्व बाँडफाडबाट २० लाख, विशेष अनुदान २० लाख सम्पुरक अनुदान ३० लाख, सामानिकरण अनुदान ७७ लाख ४९ हजार, यूनिसेफबाट रु २३ लाख र आन्तरिक श्रोत बाट रु ४ करोड गरी जम्मा ४६ करोड ५३ लाख ८२ हजारको परिधि भित्र रही कार्यक्रम र चालु आर्थिक वर्षको आय व्यय विवरण तजुर्मा गरिनेछ ।

चक्रघट्टा गा.पा. को १० औं गाउँसभा

**अब म आगामि आर्थिक वर्ष २०७९/८० को लागि प्रस्तावित नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

**<u>सोच :</u>**

"समृद्ध चक्रघट्टाको आधार शिक्षा, स्वास्थ्य, कृषि, जनशक्ति र पूर्वाधार"

**<u>लक्ष्य :</u>**

पूवार्धार विकास, व्यवस्थायिक कृषि र उद्यमशिलताको माध्यमबाट समृद्ध समाज निर्माण ।

**उद्देश्य :**

चक्रघट्टा गाउँपालिकालाई शिक्षा, स्वास्थ्य, कृषि, व्यापार र पूर्वाधार विकासका माध्यमबाट आर्थिक, सामाजिक तथा संस्कृतिक रुपमा सम्पन्न, वातावरणीय दृष्टिले स्वच्छ शहरी सुविधा सम्पन्न व्यवस्थित नमूना गाँउ निर्मण गर्ने उद्देश्य लिईने ।

चक्रघट्टा गा.पा.का १० शौं गाउँसभा २०७९/८०

# आर्थिक विकास

## कृषि तथा पशुपन्क्षी

1 **“आर्थिक उन्नती, चक्रघट्टा गाउँपालिकाको खेति”** भन्ने मूल नाराको साथ यस गाउँपालिकाको कृषि उत्पादनमा व्यवसायिकरण, आधुनिकीकरण, यान्त्रिकीकरण तथा बजारीकरणमा बिशेष जोड दिदैं चक्लाबन्दी खेति प्रणाली, करार खेति सामुहिक पशुपालन गरी कृषि क्षेत्रलाई आत्मविश्वास र व्यवस्थित गर्ने नीति अंगिकार गर्ने छ साथै पशु तथा वाली विमा कार्यक्रमलाई प्रोत्साहन दिइनेछ ।

2 आगामी आर्थिक वर्षमा उत्पादित कृषि उपजहरुको भण्डारण तथा सुरक्षाको लागि शित भण्डारको निर्माणलाई प्राथमिकता दिईनेछ ।

3 व्यवासयिक कृषि, उत्पादन, धद्योग र सेवा क्षेत्रमा वडाको विस्तृत सम्भाव्यता अध्धयन गरी तथ्यगत प्रतिवेदनको आधारमा हरेक वडाको वेग्ला वेग्लै पहिचान स्थापित हुने गरी पकेट क्षेत्र निर्धारण गरी आवश्यक कार्यक्रमलाई अघि बढाईनेछ । यसै कार्यक्रम मार्फत पालिकावासीहरुमा स्वरोजगारीको अवसरहरु सृजना गरिनेछ ।

4 बढ्दो रासायनिक पदार्थको प्रयोगलाई निरुतसाहित गर्न माटो परीक्षण गरी कृषि चुनको प्रयोगमार्फत माटोको उर्वराशक्ति बढाउने नीति अवलम्बन गरिनेछ ।

5 कृषकहरुलाई सहुलियतका लागि अनुदानमा विउ उपलब्ध गराईनेछ ।

6 निर्वाहमुखि कृषिलाई व्यवसायिक कृषिमा रुपान्तरीत गरी कृषिलाई उत्पादनको विशेष श्रोतको रुपमा विकास गर्न “**किसान सहयोग कार्यक्रम**” संचालन गरिनेछ ।

7 कृषि उत्पादनलाई प्रवर्दन र प्रोतसाहन गर्न उतकृष्ट किसान र कृषि समुहलाई सम्मान गरिनेछ ।

8 पशु नश्ल सुधारका लागि कृत्रिम गर्भधारण कार्यक्रम सञ्चालन गरिनेछ ।

9 कृषक तथा पशु स्वास्थय सेवा प्राविधिकहरुको क्षमता अभिबृद्धि कर्यक्रम सञ्चालन गरिनेछ ।

10 पशु सेवा स्पताल सञ्चालनमा ल्याइनेछ ।

# सहकारी

11 **"प्रयेक वडामा सहकारी, घर-घरमा भकारी"** भन्ने मूल नारालाई आत्मसाथ गर्दै सार्वजनिक, नीजि र सहकारीको तीन खम्वे अर्थ नीतिलाई कार्यान्वयनको लागि कृषि तथा कृषिजन्य उत्पादनमा आधारित सहकारीतामा जोड दिईनेछ ।

12 गाउँभित्र स्थापना भएका सहकारी संस्थाहरुको क्षमता अभिबृद्धि र संस्थागत विकास मार्फत कृषिकालागि लगानी मैत्री बातावरण सृजना गरिनेछ ।

13 सहकारीको मार्फत गरिबि न्युनिकरणकालागि विभिन्न आयमूलक तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

14 विगतमा दर्ता भएका सहकारी संस्थाहरुको बैज्ञानिक अभिलेखिकरण प्रणाली लागुगरी ति संस्थाहरुको क्रियाशिलता सदस्यहरुको लगानीको सुरक्षा पूँजी तथा कारोबारको अनुगमन गरी प्राप्त विशलेषणको आधारमा प्रचलित कानून अनुसार दण्ड र प्रोतसाहित गरिनेछ ।

चक्रघट्टा गा.पा. १०औं गाउँसभा २०७९/८०

# उद्योग र वाणिज्य

15 गाउँपालिकाक्षेत्रभित्र औद्योगिक क्षेत्र निर्माणका लागि आवश्यक जग्गा खोजगरी आवश्यक पूर्वाधार विकासको प्रारम्भ गरिनेछ।

16 उद्योगी, व्यापारीहरुको हकहित संरक्षण र सुरक्षाका लागि उचित बजार व्यवस्थापन र बजार क्षेत्रमा CCTV क्यामरा जडानका साथै सडक बतीको क्रमशः व्यवस्थापन गरिनेछ।

17 उपभोक्ताको हकहित संरक्षण गर्न बजार अनुगमन गरिनेछ।

18 व्यापारिक फर्म, पसलको दर्ता, अनुमति, नविकरण, खारेजी र नियमन गरिनेछ।

19 उद्योग बाणिज्य सँघ सँगको सहकार्य र समन्वयमा व्यवसाय करलाई व्यवस्थित र प्रभावकारी बनाउदै सबै व्यवसायीहरुलाई करको दायरामा ल्याईनेछ।

20 आन्तरिक राजश्व श्रोतको रुपमा रहेको उद्योग, फर्म तथा पसलहरुको दर्ताको दायरालाई बढाईनेछ।

21 घरेलु तथा साना उद्योग र उपयुक्त स्थानमा स्थानीय इट्टा उद्योगहरुको स्थापना, विकास, प्रवर्द्धन र नियमनमा ध्यान दिईनेछ।

22 लघुउद्यम सहजकर्ता तथा विज्ञको सँयुक्त टोलीमार्फत पूर्ण बेरोजगार रहेका युवाहरुलाई तालिमको माध्यमबाट उद्यमशिलता विकास गराई उद्यमि बनाईनेछ।

# रोजगार प्रवर्द्धन तथा गरिवी न्युनिकरण

23 गरिवी निवारण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान गरिनेछ ।

24 प्रधानमन्त्री युवा रोजगार कार्यक्रम अन्तरगत वडाहरुबाट संकलन भएका युवाहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रममा आवद्ध गराउन अनिवार्य बैक खाता खोलन प्रोत्साहन गरिनेछ ।

25 राष्ट्रि गरिव परिचयपत्र वितरण संकलन कार्यलाई मन्त्रालयको निर्देशन बमोजिम थप प्रभावकारी बनाईनेछ ।

26 गरिवी निवारण सम्बन्धी राष्ट्रिय , प्रादेशिक र स्थानीय संस्थागत सम्पर्क, समन्वय र सहकार्य गरिनेछ ।

27 वास्तवित भुमिहीनहरुको लगत संकलन कार्यलाई प्रथमिक्ता दिईनेछ ।

चक्रघट्टा गा.पा. को ९ औं गाउँसभा २०७९/८०

# <u>सामाजिक विकास</u>

## शिक्षा सम्बन्धी नीती

28 **“शिक्षा मानव विकासको मेरुदण्ड हो”** भन्ने विषयलाई गम्भिरताकासाथ अवलम्बन गर्दै “**सामुदायिक वद्यालयको शैक्षिक एवं भौतिक सुधार : बालबालिका विद्यालय प्रवेशको पहिलो आधार”** भन्ने नाराका साथ समग्र शिक्षा प्रणालीको सुधारमा लागि स्पष्ट दृष्टिकोण, प्रतिवद्धता र लगनशिलताका साथ आगाडी बढिने छ। यस क्षेत्रको सुधारका लागि कुनै प्रकारका वहानावाजी, निहित स्वार्थ हाम्रा लागि स्वीकार्य छैन। हचुवाको भरमा हैन, स्थापित मान्याताको जगमा टेकेर प्रष्ट दृष्टिकोणका साथ आगमि आर्थिक वर्षमा शैक्षिक विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

29 शिक्षा प्रणालीलाई आर्थिक सामाजिक रुपान्तरणको सम्बाहकको रुपमा विकास गर्नको लागि सबै तह एवं विद्याको शिक्षामा समतामूलक पहुँचको सुनिश्चित्ता, गुणस्तरमा सुधार, अब्बल व्यवस्थापकीय क्षमताको विकास समुदायिक एवं संस्थागत विद्यालय विचको शिक्षा क्षेत्रका “**आशलाग्दा** अभ्यास र **प्रयास गरे परिवर्तन सम्भव छ”** भन्ने मान्याता स्थापित गर्नका लागि शैक्षिक प्रणालीलाई जिम्मेवार, जवाफदेही, पारदर्शी, नतिजामुखी र उत्तरदायी बनाउदै गाउँपालिकालाई शैक्षिक क्षेत्रको हवको रुपमा विकास गरिनेछ। यसका लागि आवश्यक पूर्वाधार निर्माण समुदायको अपनत्व विकास, सघन र नियमित अनुगमन, समन्वयतात्मक प्रयास लगायत शिक्षा प्रणालीका स्थापित मान्यताका आधारमा शैक्षिक सुधारका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

30 गाउँपालिकाको शिक्षा प्रणालीलाई विगतमा सिकिएका पाठहरुको आधारमा विधमान, कानूनी, सँस्थागत र प्रकृयागत सुधारलाई थप सुदृढ बनाउदै रचनात्मक ढँगले आगाडी बढाईनेछ । आगामी दिनहरुमा सामुदायिक विद्यालय प्रति आकर्षक बढाउने र प्रविधि मैत्री शिक्षाको रणनीति अवलम्बन गरिनेछ ।

31 संस्थागत विद्यालयद्वारा विद्यार्थीहरुलाई प्रदान गर्नुपर्ने छात्रवृतिलाई १० प्रतिशत कायमगरी प्रभावकारी कार्यान्वय गराईने छ ।

32 लैङ्गिक मैत्री तथा बालमैत्री सिकाई प्रणालीको उपयुक्त रणनीति तय गरी कार्यान्वयन गराईनेछ ।

33 सामुदायिक विद्यालयमा भौतिक पूवाधार, दरवन्दी मिलान, विद्यालय अनुगमन, दिवाखाजा, विद्यालय भर्ना अभियान केही विद्यालयको विस्तृत योजना तयार पर्ने सबै विद्यालयलाई पूर्ण सरसफाईयुक्त, एकिकृत र नतिजामा आधारित अनुगमन योजनाको निर्माण गरी विद्यालयका शिक्षक कर्मचारीहरुको क्षमता अभिबृद्धि लगायतका थप प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

34 अति असहाय, गरिव, द्धन्द पिडित, जेहन्दार बालबालिकाहरुलाई प्रमुख शैक्षिक छात्रवृति स्वरुप आवस सुविधा सहितको नतिजामा आधारित नमूना आधारभूत विद्यालयको स्थापना/रुपान्तरण गरी पढ्न पाउने हकको सुनिश्चितता गरिने छ ।

35 भौतिक पूर्वाधारयुक्त विद्यालयहरुमा प्राविधिक शिक्षा अध्ययनका लागि आवश्यक प्रकृया अगाडि बढाईने छ ।

36 टिनका छाना भएका सामुदायिक विद्यालयहरुमा क्रमशः फल्स सिलिङ्गि राख्ने व्यवस्था आधारभूत तहबाट सुरु गरी विद्यार्थीहरुलाई टिनको प्रत्यक्ष छानामुनी बस्नुपर्ने बाध्यात्मक स्थितिको अन्त्य गरिनेछ ।

37 तीन वर्ष भन्दा माथि र ५ वर्ष मुनिका बालबालिकाहरुको लागि प्रारम्भिक बालविकासको अवधारणा अनुसार विद्यमान केन्द्रलाई व्यवस्थित गर्दै आधारभूत विद्यालयमा वालविकास केन्द्रहरुलाई सुदृढीकरण गरिने छ ।

38 विद्यालय वित्तिय सुशासन, पारदर्शिता जवाफदेहिता अभिबृद्धिको लागि विद्यालयमा सामाजिक परीक्षण, सार्वजनिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षणलाई वस्तुनिष्ठ बनाईनेछ ।

39 पालिका भित्रका शिक्षित बेरोजगार युवाहरुलाई सरकारी सेवामा प्रवेश गराउने उदेश्यले लोक सेवा आयोग, शिक्षक सेवा आयोग जस्ता परीक्षालाई लक्षित गरी कोचिङ्ग र तालिम कार्यक्रम सञ्चालन गरिने छ ।

40 व्यवस्थित पालिका स्तरीय पुस्तकालय निर्माण कार्यलाई प्राथमिकताका साथ आगाडी बढाईनेछ ।

41 स्वच्छ वातावरणीय महत्वको साथ हरेक विद्यालयमा हरित विद्यालय कार्यक्रम सञ्चालन गरिनेछ ।

42 प्रत्येक सामुदायिक विद्यालयमा विद्युत, इन्टरनेट, स्वच्छ खानेपानी, छात्रा शौचालय तथा घेराउ कार्यलाई निरन्तरता दिईनेछ ।

43 विद्यार्थीहरुको अनुपातमा सम्पूर्ण सामुदायिक विद्यालयमा शिक्षक दरवन्दी मिलान कार्य सम्पन्न गरी शैक्षिक गुणस्तर उच्च पार्न पालिका स्तरीय शिक्षक व्यवस्थापन गरिनेछ ।

44 स्थानीय भाषा, संस्कृति एवं नैतिकता र मानवीयमुल्यको प्रवर्द्धन हुने गरी स्थानीय पाठ्यक्रम लागु गरिनेछ ।

45 स्नातक तहको शिक्षा सञ्चालन गर्न सँस्था स्थापनाको लागि आवश्यक पहल गरिनेछ र हरेक माध्यमिक विद्यालयमा विज्ञान र कम्प्युटर प्रयोगशालाको व्यवस्था गरिनेछ ।

चक्रघट्टा गा.पा. को १० औं गाउँसभा २०७९/८०

46 वडा कार्यालयको सिफारिसको आधारमा बालबालिकालाई विद्यालय नपठाउने व्यक्तिहरुलाई गाउँपालिकाले प्रदान गर्ने सार्वजनिक सेवा (जस्तै सममाजिक सुरक्षा भत्ता लगायत सबै प्रकारका सिफारिसहरु) बाट बञ्चित गर्ने नीति कडाईका साथ कार्यान्वयन गरिनेछ ।

47 घरधुरी सर्वेक्षणबाट निरक्षरताको पहिचान गरी साक्षर तथा निरन्तर शिक्षाका कार्यक्रमहरु कडाईका साथ सञ्चालन गरी साक्षर गाउँपालिका घोषणा गरिने छ ।

# स्वास्थ्य सम्बन्धी नीति

48 "स्वस्थ्य पालिकाबासी, स्वस्थ्य पालिका" भन्ने नाराका साथ गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको समतामूलक पहुँच सुनिश्चित गर्ने कार्यमा पालिका प्रतिवद्ध छ । गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवा प्रवाहमा रहेका विधमान चुनौतिहरुलाई न्युनिकरण गर्न, सेवा प्रदायक संस्थाहरुको व्यवस्थापकिय प्रणाली सुदृढ गराउन, नेपाल सरकारबाट प्राप्त सशर्त कार्यक्रमको अझै प्रभावकारी तवरले कार्यान्वयन गर्न, आयुर्वेद औषधालयको क्षमता, वृति, प्रजनन स्वास्थ्य सेवामा पहुँच अभिबृद्धि, स्वास्थ्य सँस्थाहरुको नियमन, महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम, बाल स्वास्थ्य तथा पोषण कार्यक्रम, औषधी तथा उपकरण आपूर्ति, स्वास्थ्य विमा कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, राष्ट्रिय खोप तथा विशेष खोप भिटामिन तथा जुकाको औषधी लगायतका राष्ट्रियस्तरका कार्यक्रमहरु प्रभावकारी कार्यान्वयन सहित गाउँपालिकाको समग्र स्वास्थ्य प्रणालीको सुधारका लागि प्राथमिकता निर्धारण गरी छुटै पालिका स्तरीय स्वास्थ्य नीति अगाडि बढाईने छ ।

49 पालिका स्तरीय योग शिविर सञ्चालन गरिनेछ ।

50 स्वास्थ्य सेवामा गुणस्तर अभिवृद्धि गर्दै सबै पालिकाबासीमा समान पहुँच पूर्याउने नीति लिईनेछ ।

51 गाउँपालिका भित्रका जेष्ठ नागरिकहरुलाई स्वास्थ्यकर्मीद्वारा घरदैलो, नियमित स्वास्थ्य, जाँच तथा उपचार कार्यक्रम हरेक ३/३ महिनामा सञ्चालन गरिनेछ ।

52 नेपाल सरकारले ल्याएको एक पालिका एक अस्पताल कार्यक्रमको अवधारणा अनुरुप १५ शैयाको विशेषज्ञ सेवा सहितको अस्पताल निर्माण कार्यलाई निगरानीका साथ आगाडी बढाइनेछ ।

53 गाउँपालिका भित्र नियमित र आकस्मिक सेवा उपलब्ध गराउनका लागि पालिकाले २ वटा एम्बुलेन्स खरिद गरिनेछ ।

54 स्वास्थ्य सँस्थाहरुको भौतिक पूर्वाधारमा सुधार गर्दै प्रयोगशाला सुविधा सहितको गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराईनेछ ।

55 गाउँपालिका भित्र रहेका आधारभूत स्वास्थ्य चौकीहरुलाई पूर्ण रुपमा सञ्चालनमा ल्याईनेछ ।

56 गाउँपालिका भित्र कार्यरत सबै महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई सम्मान रुपमा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ । ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्यंमसेविकाहरुलाई सम्मान जनक विदाई गर्न आवश्यक रकमको व्यवस्था गरिनेछ ।

57 सबै स्वास्थ्य सँस्थाहरुमा नियमित रुपमा बर्ष भरि नै अतिआवश्यक औषधीहरुको निःशुल्क वितरण व्यवस्था गरिनेछ ।

58 गाउँपालिका कार्यालय र सबै स्वास्थ्य सँस्थाहरुमा औषधी भण्डारण तथा अन्य उपकरण व्यवस्थापनलाई व्यवस्थित गरिनेछ ।

59 गाउँपालिका भित्र सञ्चालनमा रहेको २४ घण्टे प्रसुति सेवालाई थप व्यवस्थित गरिनेछ ।

चक्रघट्टा गा.पा. को १०औं गाउँसभा २०७९/८०

60 समय समयमा विपन्न, असहाय, जेष्ठनागरिक र महिलाको स्वास्थ्य जाँचको लागि स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

## युवा, खेलकूद तथा मनोरन्जन

61 गाउँपालिकामा खेलकूद को सर्वाङगीण विकासका लागि गाउँ खेलकूद विकास समिति गठन गरी युवा, सुचना केन्द्र सञ्चालन खेलकूद विकास, पुस्तकालय, ई-लाइब्रेरी सञ्चालन तथा व्यवस्थापन जस्ता सामाजिक कार्यमा आवश्यक सहयोग गर्ने नीति लिईनेछ ।

62 स्वास्थ्य, अनुशासित र राष्ट्रिय गरिमाका लागि खेलकूदर खेलाडीको प्रवर्द्धन गर्ने गाउँ तथा वडा तहमा विविध विधाका खेलकूद कार्यक्रम सञ्चालन गरी खेलाडीको पहिचान र क्षमता विकासको अवसर प्रदान गरिनेछ ।

63 गाउँपालिकाको प्रत्येक वडामा वडास्तरीय खेलकूद विकास समिति गठन गरी युवाहरुको अन्तरनिहित प्रतिभालाई उजागर गर्न आवश्यक पहल गर्न नीति लिईनेछ ।

64 गाउँपालिका भित्र आगामी आ.व.मा १ व्यस्थित खेलकूद मैदान निर्माण गर्ने कार्यक्रमको सम्भाव्यताको अध्ययन गरी कार्य आगाडी बढाईनेछ ।

65 आगामी आवमा समेत गाउँ स्तरीय गा.पा अध्यक्षकप क्रिकेट प्रतियोगिता र फुटवल कप प्रतियोगिता सञ्चालन गरिनेछ ।

66 बैदेशिक रोजगारबाट स्वदेश फर्केको युवाहरको लागि कृषि, उद्योग व्यापार, पशुपालन जस्ता कार्यक्रम ठूलो लगानीको वातावरण तयार गरी गाउँमै रोजगारी सृजना गर्ने नीति लागू गरिनेछ ।

67 बेरोजगार युवायुवतीहरुको लागि शीपमूलक तालिमकको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

68 बेरोजगार युवाहरुको तथ्याँक संकलन गरी प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा सहभागिताको दायरा बढाईनेछ ।

69 गाउँपालिकाबासीहरुको मनोरञ्जन गर्ने उद्देश्यले फनपार्क स्थापनाका लागि उपयुक्त सम्भावित स्थानको खोजी गरी निर्माण कार्य अगाडि बढाईनेछ ।

70 गैरसरकारी संघ/संस्थाहरुको साझेदारीमा रोजगारमूलक तालिम शिक्षा र प्राविधि हस्तान्तरण कार्यक्रम आगाडि बढाईनेछ ।

चक्रघट्टा गा.पा. को १० शौं गाउँसभा २०७९/८०

# लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

71 “**लैङ्गिक समानता चक्रघट्टा गाउँपालिकाको प्रतिवद्धता**” भन्ने मूल नाराको साथ सामाजिक रुपमा पछाडि परेका महिला, विपन्न वर्ग तथा समुदायलाई राष्ट्रिय  मूलधारमा ल्याउन विशेष कार्यक्रमहरु गरिनेछ ।

72 विकासका अवसरहरुबाट पछाडि परेका पालिका भित्रका भौगोलिक क्षेत्रहरुको पहिचान गरि विशेष  कार्यक्रमका प्याकेजहरु कार्यान्वयन गर्दै लगिनेछ ।

73 यौनिक तथा लैङ्गिक रुपमा अल्पसंख्यक समुदायको हक हितको संरक्षण र सम्वर्द्धनको लागि विशेष व्यवस्था गरिनेछ ।

# महिला

74 महिलाहरुको मौलिक हक अधिकार एवं विकासको लागि आवश्यक कदम  चालिनेछ ।

75 महिला हिंसामा शून्य  सहनशीलता कायम गर्न आवश्यक पहल गरिनेछ ।

76 महिला हिंसा, लैगिंक विभेद, बालश्रम, बालविवाह, अनमेल विवाह जस्ता सामाजिक विकृतीलाई निर्मूल गर्ने कार्यमा प्रत्येक वडालाई जिम्मेवार वनाई यस सम्बन्धी जनचेतना कार्यक्रम संचालनमा जोड दिनेछ ।

77 एकल महिलाहरुको संरक्षण र सुरक्षा गर्ने नीति अबलम्बन गरिनेछ । जसका लागि पालिकाले **एकल महिला कोष** खडा गरी शारिरीक रुपमा सक्षम एकल महिलालाई लघु उधम विशेष सीपहरु प्रदान गरी आर्थिक रुपमा सक्षम बनाईनेछ ।

78 **“बेटी पढाउ, बेटी बचाउ”** जस्ता गौरवमय अभियान कार्यान्वयनमा विशेष ध्यान दिनेछ ।

## बालबालिका : बालमैत्री स्थानीय शासन

79 बाल बचाउ, संरक्षण, बाल विकास र बाल सहभागिताको आधारमा उनीहरुको लागि गरिने निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता गराउनका लागि पालिकाले विशेष पहल गरिनेछ ।

80 बालमैत्री विधालय र बालमैत्री शिक्षण सिकाई पद्धतीको विकासको लागि प्रत्येक विधालयमा ई सी डी लाई थप बजेटको व्यवस्था गरिनेछ ।

81 **“आजको साझेदार, भोलिको कर्णधार”** मुल नाराको साथ बालबालिका हुन भन्ने नीतिलाई अंगिकार गरिनेछ ।

82 विद्यालयमा भर्ना भएका किशोरीहरुको ड्रपआउट  दरलाई न्यूनीकरण गर्न वडा कार्यालय मार्फत चेतना तथा सशक्तिकरण कार्यक्रम संचालन गरिनेछ ।

83 गाउँपालिका भित्रका विभिन्न वडाहरुमा बाल उद्यान स्थापनाको लागि उपयुक्त स्थानको खोजी गरी बाल उद्यान पार्क संचालित गरिनेछ ।

चक्रघट्टा गा.पा. को १० औं गाउँसभा २०७९/८०

# ज्येष्ठ नागरिक

84 आगामी आ.व. देखि सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण कार्यलाई थप प्रभावकारी बनाईनेछ। साथै ८० बर्ष उमेर नाघेको जेष्ठ नागरिकहरुलाई घर घरमा जनप्रतिनिधिहरुद्वारा बैंकमार्फत भत्ता पुऱ्याउने नीति लिईनेछ।

85 जेष्ठ नागरिकको अभिलेख संकलन र परिचय पत्र वितरण कार्यलाई सरल, सहज र व्यवस्थित बनाईनेछ।

86 जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई प्राथमिकताका साथ आगाडी बढाईनेछ।

# दलित समुदाय

87 समाजमा कला कौशलका धनी दलित समुदायको परम्परागत सीपलाई आधुनिकीकरण गर्दै उद्योगको रुपमा विकास गरिने नीति अवलम्बन गरिने छ।

88 जातिय छुवाछुत एवं भदभाव विरुद्धको कानूनलाई कडाईका साथ लागुगरिने छ।

89 दलित तथा दलित महिला सहकारीहरु स्थापना गरी आयआर्जनमा बृद्धि तथा आत्मनिर्भर बन्ने वातावरण निर्माण गरिनेछ सोको लागि लक्षित कार्यक्रम संचालन गरी थप सशक्तिकरण गरिनेछ।

90 यस गाउँपालिका भित्र छुवाछुत जातिय भेदभावलाई उन्मुलन गर्ने गरी विशेष कार्यक्रमहरु तय गरी लागू गरिनेछ।

# अशक्त / अपाङ्गता

91 यस गाउँपालिका अन्तर्गत कुनै पनि सार्वजनिक भौतिक पूर्वाधार निर्माण गर्दा अपाङ्ग मैत्री सँरचना बनाउने नीति लिईनेछ ।

92 गाउँपालिकाबाट प्रवाह हुने सेवामा अपाङ्गता तथा जेष्ठ नागरिकहरुलाई पहिलो प्राथमिकता दिईनेछ ।

93 फरक क्षमता भएका व्यक्तिहरुको क्षमता विकासका लागी कार्यक्रम बनाई लागू गरिनेछ ।

94 गाउँपालिका भित्र अपाङ्गता भएका नागरिकहरुको सूचना प्रणालीमा आबद्ध गरि लगत तयार गरिनेछ ।

95 पूर्ण अपाङ्गता भएका नागरिकहरुलाई निजले पाउने सामाजिक सुरक्षा भत्ता जनप्रतिनिधिद्वारा बैंक मार्फत निजहरु कै घरमा पुर्याईने व्यवस्था मिलाईनेछ ।

96 अपाङ्गता भएका नागरिकहरुलाई गाउँपालिकाले जुनसुकै प्रकारको सिफारिस गर्दा व्यवसाय दर्ता वा नविकरण गर्दा लाग्ने राजश्वमा ५० प्रतिशत छुट दिनेछ ।

चक्रघट्टा गा.पा. को १०औं गाउँसभा २०७९/८०

# संस्कृता सम्पदा तथा पर्यटन प्रवर्द्न

97 **“सुन्दर र समृद्ध चकघट्टाको ठम्याई, सम्पूर्ण गाउँपालिका बासीको रोजाई”** भन्ने मुलनाराका साथ पर्यटन प्रवर्द्धन र विकास गर्न शिवनगरको शिव मन्दिर र औरहीको पोखरी क्षेत्रको निर्माण कार्यलाई आगाडी बढाईने छ।

98 विशेष रुपमा ताल निर्माणमा जोड दिईनेछ। सार्वजनिक ठूला पोखरीलाई आन्तरिक पर्यटनलाई सहयोग हुने गरी निर्माण तथा सुधार गरिनेछ।

99 पर्यटन गुरुयोजना निर्माण गरिनेछ।

100 साँस्कृतिक परम्परा बमोजिम मनाईने पर्वहरुलाई व्यवस्थित गरिनेछ र गाउँ भित्र रहेका धार्मिक मठ, मन्दिर र मस्जिदको अभिलेख तयार गरि आवश्यक मर्मत, सम्भार, सुधार तथा सौन्दर्यकरण गरि धार्मिक पर्यटनका लागि विशेष जोड दिइनेछ।

101 समाजमा रहेको विभिन्न कला प्रतिभाहरु जस्तै लेखक, कलाकार, साहित्यकार, चित्रकार, कालिगढ, आर्टिष्ट तथा स्तम्भकार आदिको राय सुझावको आधारमा कला, साहित्य र संस्कृतिको प्रवर्द्धनको कार्यक्रम तर्जुमा गर्ने कामको थालनी गरिनेछ।

चक्रघट्टा गा.पा. को १०औं गाउँसभा २०७९/८०

# गैर सरकारी संघ संस्था

102 गाउँपालिकामा संचालित हुने गैरसरकारी संघ/संस्थाले गाउँपालिकाको अनिवार्य अनुमति पश्चात आफ्नो कार्य क्षेत्र तय गरि सामुदायिक क्षेत्रमा काम गर्ने व्यवस्था मिलाईनेछ ।

103 संघ/संस्थाको गठन, दर्ता, नविकरण र संचालनको लागि सो संग सम्बन्धित कानून निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।

104 विदेशी दातृनिकायहरु मार्फत अनुदान प्राप्त NGO/INGO एवं नीजि तथा व्यापारिक संस्थाहरु लगायत अन्य संघ/संस्थाहरुले पालिकाले प्राथमिकिरण गरेर क्षेत्रहरुमा मात्र खर्च गर्न पाउने र सहकार्यमा काम गर्ने नीति अवलम्बन गरिनेछ ।

105 गाउँ क्षेत्रमा क्रियाशील गैर सरकारी संस्थाहरुले गाउँ क्षेत्रमा कार्यक्रम तथा परियोजनाहरु संचालन गर्दा नेपाल सरकारको प्रचलित कानून बमोजिम नगरपालिकाबाट स्वीकृत प्राप्त गरे पश्चात मात्र कार्यक्रम तथा परियोजना संचालन गर्न दिने नीतिलाई कडाईका साथ कार्यान्वयनमा ल्याइनेछ । उल्लेखित संस्थाहरुले संचालन गर्ने समान प्रकृतिका कार्यक्रम र परियोजनालाई गाउँपालिकाको स्वीकृति लिई संयुक्त रुपमा संचालन गराउने नीति अवलम्बन गरिनेछ ।

चक्रघट्टा गा.पा.का. १०औं गाउँसभा २०७९/८०

# पन्जीकरण तथा सामाजिक सुरक्षा

106 आधुनिक प्रविधि मार्फत व्यक्तिगत घटना दर्ता अभिलेख व्यवस्थापन गरिनेछ ।

107 पञ्जीकरण र सामाजिक सुरक्षा कार्यक्रम सबै वडा कार्यालयहरुबाट अगामी आ.व.देखि अनिवार्य विद्युतीय माध्यम (online) बाट गरिनेछ ।

108 सामाजिक सुरक्षा भत्ता बैकिङ्ग प्रणालीबाट वितरण सहज, सरल र लाभग्राही मैत्री बनाईने छ ।

109 जेष्ठ नागरिक, एक महिला, दलित, असक्त र बाल पोषण परिचयपत्र वितरण कार्यलाई सरल, सहज, व्यवस्थित र झन्झटमुक्त गरिनेछ ।

110 सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिक, जेष्ठनागरिक दलित, एकल महिला, विधुवा, पूर्ण आपाङ्ग, अतिअसक्त अपाङ्गता भएका लाभग्राहीहरुले वडा कार्यालयसम्म आफै सामाजिक सुरक्षा नवीकरण फारम दर्ता गराउन नसक्ने लाभग्राहीहरुका लागि वडा कार्यालय मार्फत घरदैलो कार्यक्रम गरी दर्ता नवीकरण गर्ने व्यवस्था गरिनेछ ।

चक्रघट्टा गा.पा. को १०औं गाउँसभा २०७९/८०

# पूर्वाधार विकास

## सडक तथा भौतिक पूर्वाधार विकाश

111 गाउँपालिका स्तरीय सडक गुरुयोजना जारी गरिनेछ। साथै MTMP बाट निर्दिष्ट सबै सडकहरुको सार्वजनिक Right Of Way ROW निर्धारण गरी त्यसको प्रभावकारी कार्यान्वयन गरिनेछ।

112 सडक अधिकार क्षेत्र मिच्ने, सार्वजनिक स्थानमा घर टहरा बनाउने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिनेछ।

113 वडा कार्यालयदेखि प्रत्येक वडा केन्द्रसम्म पुग्ने सडक सँजालहरुको स्तोरन्ती गरिनेछ।

114 चक्रघट्टा गाउँपालिकामा बसोबास गर्ने आम नागरिकलाई सडक आवागमनसँग जोडनका लागि MTMP ले निर्दिष्ट गरे अनुसार नगर चक्रपथ सर्भे गराई तदनुरुप कार्य प्रारम्भ गरिनेछ।

115 निर्माण कम्पनीद्वारा गाउँपालिका भित्र निर्माणाधीन केन्द्रिय तथा क्षेत्रीय सडकहरुको अनुगमन तथा नियमनको कार्यलाई प्रभावकारी बनाईनेछ।

116 आगामी आवहरुमा यस गाउँपालिका भित्र पर्ने मुख्य सडकहरुसँग जोडिने सहायक सडकहरुको स्तोरन्ती गरिनेछ।

117 बजार क्षेत्रमा सडक विस्तार र कालो पत्रे गर्ने नीति लिईनेछ।

118 गाउँपालिका भित्र मुख्य सडक खण्डलाई हरित बातावरण मैत्री तथा झिलमिल बनाउन आवश्यक पहल गरिनेछ।

चक्रघट्टा गा.पा.को १० औं गाउँसभा २०७९/८०

119 यातायात सुविधामा सबै वडाबासीमा सरल, सहज र समान पहुँच निर्माण गरिनेछ ।

120 गाउँपालिका क्षेत्रभित्रका सरकारी, सार्वजनिक जग्गाहरुको संरक्षण र सम्वर्द्धनका लागि एक समिति निर्माण गरी तत्काल काम अघि बढाईनेछ ।

121 नेपालको सँविधानले समावेशी र समन्यायीक विकास गर्ने नीति अवलम्बन गरे बमोजिम गाउँपालिकाका ९ वटा नै वडाहरु विकासलाई समान प्राथमिक्तामा राखिनेछ ।

122 उपभोक्ता समितिको कार्य क्षमता, कार्यकुशलता अभिवृद्धि गर्न अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

123 आगामी आ.व.मा RCC/PCC ढलान तथा कालो पत्रे सडकहरुको निर्माण कार्यलाई प्राथमिकताका साथ आगाडी बढाईनेछ ।

124 गाउँपालिकाको क्षेत्र भित्र उपयुक्त स्थानमा बसपार्क निर्माण गर्ने कार्यलाई अगाडी बढाईनेछ ।

125 बजार क्षेत्रमा यातायातलाई व्यवस्थित बनाइने नीति तर्जुमा गरिनेछ ।

## भवन तथा सहरी विकास

126 नयाँ घर बनाउने घर धनीलाई नक्सा पास गर्न प्रोत्साहन गरिनेछ साथै पुरानो नक्सा पास नगराई बनाइएको घरहरु अभिलेखिकरण गरिनेछ ।

127 गाउँपालिकाबाट इजाजत नलिइ भवन निर्माण गर्ने घरधनीलाई गाउँपालिकाको कार्यालयहरुको तर्फबाट गरिने सम्पूर्ण सिफारिस तथा सुविधामा रोक लगाई प्रचलित कानून बमोजिम प्रकृया आगाडी बढाईनेछ ।

चक्रघट्टा गा.पा. को १०औं गाउँसभा २०७९/८०

128 शहरी विकास तथा भवन निर्माण आचारसंहितालाई कडाईकासाथ लागू गर्नेछ ।

129 सरकारी, सार्वजनिक, एलानी, पर्ति जग्गामा निर्माण भएका व्यक्तिगत भवन तथा संरचनालाई नक्सा पास तथा अभिलेखिकरण गरिनेछैन ।

130 भवन निर्माणका लागि अनुमति दिदाँ आफ्नो घरको परिसरमा २ बिरुवा लगाउनुपर्ने व्यवस्था मिलाईनेछ ।

131 घर सम्पन्न प्रमाण पत्र दिदाँ घरको चारै दिशाको फोटो अनिवार्य गरिनेछ । सोको स्पष्टता अनुगमनबाट गरिनेछ ।

132 गाउँपालिका तथा सम्बन्धित निकायको अनुमति नलिई जग्गा प्लटिङ्ग गरिएका र निर्धारित मापदण्ड नपुगेका प्लटहरुमा भवन निर्माण अनुमति दिईने छैन ।

133 **“घुलो रहित शहर, चक्रघट्टा बासीको रहर**” भन्ने मूल नारालाई स्थापित गर्न सौर्य/सडक वति जडान गर्ने कार्यलाई प्राथमिकतामा राखिने छ सो को लागि योगदानमा आधारित जनसहभागिताको नीतिलाई प्राथमिकता दिईनेछ ।

134 नागरिकको गुनासोको रुपमा रहेको नक्सा पास प्रक्रियालाई सहज र सरलीकृत गर्न एकद्वार प्रणाली मार्फत घरनक्सा पास प्रक्रियालाई रुपान्तरण गरिनेछ ।

135 नँया बन्ने घरहरुमा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम HYBRID सोलार जडान गर्नु पर्ने नीतिलाई प्रोत्साहन गरिनेछ । सो कार्यको उत्प्रेरणका लागि घरधनीलाई घरनक्सा पासको राजश्व रकममा १० प्रतिशत छुट दिईने छ ।

136 चक्रघट्टा गाउँपालिकाको केन्द्र स्थित जग्गा व्यवस्थापन गरी मुख्या/प्रशासकीय भवन निर्माण प्रक्रिया तत्काल आगाडी बढाईनेछ ।

## उर्जा तथा विधुत्तीकरण

137 गाउँपालिका भित्रका सार्वजनिक स्थान सडक एंव बजार, गाउँ टोलहरुमा सडक वती जडान कार्यलाई निरन्तरता दिइनेछ ।

138 विधुतीकरण हुन बाँकी रहेका बस्तीहरुमा विधुतीकरण गर्दै लगिनेछ । काठका पोलहरुलाई क्रमशः विस्थापित गरी फलाम र सिमेन्टका पोल प्रयोग गर्ने नीति लिइनेछ । मुख्य बजार क्षेत्रका सडक वती राख्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।

139 गाउँपालिका क्षेत्र भित्र वैकल्पिक उर्जाको प्रयोग गर्न प्रोत्साहन गर्दै सडक वतीलाई प्राथमिकतामा राखिनेछ ।

140 गाउँपालिकाको सबै बस्तीमा विधुतको विस्तार गरिने कार्यलाई प्राथमिकतामा राखिनेछ ।

141 सामुदायिक ग्रामिण विधुतीकरणको अवधारणलाई अवलम्बन गर्दै कृषिलाई व्यवसायीकरण र निर्यातमूखी बनाउन कृषि विधुतीकरणलाई हरेक किसानको खेत खलियानमा पहुँच हुने गरी क्रमशः कार्यान्वयनमा  ल्याईनेछ ।

चक्रघट्टा गा.पा.को १०औं गाउँसभा २०७९/८०

## सूचना तथा सञ्चार

142 गाउँपालिका मातहत पर्ने सबै कार्यालयहरुमा फाइबर केवलिङ गरि इन्टरनेट सेवा विस्तार गरिनेछ ।

143 गाउँपालिका भित्रका सबै वडाहरुमा फ्रि वाईफाई सेवा प्रदान गरिनेछ ।

144 प्रत्येक चौमासिकमा Proactive Discloser प्रकासित गरि सार्वजनिक गरिनेछ ।

145 गाउँपालिकाबाट हुने र भएका कार्यक्रमहरु सार्वजनीकरण गर्न पत्रकार महासंघसग समन्वय गरी चौमासिक रुपमा सञ्चारका माध्यमहरुबाट आमनागरिकलाई जानकारी गराईने नीति अवलम्वन गरिनेछ ।

## योजना छनौट तथा कार्यान्वयन

146 तल देखि माथि जाने Bottom Up Approach नीति अनुसार टोल/बस्तीहरुबाट योजना छनौट गरिने छ ।

147 दिगो विकास अवधारणा सहित राष्ट्रिय विकास नीति, गरिब निवारण, वातावरणीय अनुकूलता तथा स्रोत साधन उपलब्धताका आधारमा गाउँपालिकाबासिलाई प्रत्यक्ष लाभ हुने योजनालाई प्राथमिकता दिईनेछ ।

148 योजनाको चक्रको अवधारणा सहित राष्ट्रिय विकास नीति, गरिबी निवारण, वातावरणीय अनुकूलता तथा स्रोत साधन उपलब्धताका आधारमा गाउँपालिकाबासिलाई प्रत्यक्ष लाभ हुने योजनालाई प्राथमिकता दिईने छ ।

चक्रघट्टा गा.पा. को १० औं गाउँसभा २०७९/८०

149 योजना चक्रको प्रत्येक चरणमा सरोकारबाला तथा हितग्राही समूहलाई गराईनेछ ।

150 साना-साना योजनाहरुलाई उपभोक्ता समितिहरु मार्फत सञ्चालन गर्न प्राथमिकता दिईनेछ ।

151 नियमानुसार निर्माण सेवाहरुको दर्ता, नवीकरण र सञ्चालन गर्ने र ती निर्माण कम्पनीहरुद्वारा नीति  लिईनेछ ।

152 गाउँपालिका क्षेत्रभित्र ठूला, मझौला र साना भौतिक पूर्वाधार निर्माण कार्य सञ्चालन गर्ने कम्पनी वा फर्मले गाउँपालिकाबाट अनुमति लिनुपर्ने व्यवस्था लागू गरिनेछ ।

# खानेपानी तथा सरसफाई

153 **"गाउँपालिकाको सपना, स्वच्छ पानी गाउँवासीहरुको चाहना"** भन्ने नीतिलाई अवलम्बन गर्दै देहायका कामहरुलाई प्राथमिकतामा राखी काम आगाडी बढाईनेछ ।

154 **"एक घर, एक चर्पी र धारा अभियान"** को लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

155 खानेपानी ओभरहेड टंकी निर्माणको प्रक्रिया अगाडी बढाईने छ ।

156 खानेपानी, सरसफाई र स्वच्छता प्रवर्द्धनको लागि विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

157 बर्षातको समयमा पानीजन्य सरुवा रोगबाट बच्न पानी शुद्धिकरणको लागि सरोकारवाला सहयोगी निकायको समन्वयमा कार्यक्रम सञ्चालन गरिनेछ ।

158 गाउँपालिका क्षेत्र भित्रका मुख्य बजार क्षेत्र लगायत सार्वजनिक स्थलमा सार्वजनिक शौचालय तथा खानेपानीको उचित प्रवन्ध मिलाईनेछ ।

## सिँचाई

चक्रघट्टा गा.पा. का ९औं गाउँसभा २०७९/८०

159 “**कृषियोग्य भूमिमा सिँचाईको सुनिश्चितता, चक्रघट्टा गाउँपालिकाको प्रतिवद्धता**” भन्ने मूलनारालाई आत्मसात गर्दै डिप बोरिङ जडान कार्यलाई प्रभावकारी रुपमा आगाडी बढाईनेछ ।

160 स्थानीय खोलानालालाई व्यवस्थित गरि सिँचाईको लागि कुलो तथा नहर मार्फत सिँचाईको व्यवस्था मिलाईने छ ।

### सार्वजनिक निजी साझेदारी

161 गाउँक्षेत्र भित्र ठुला ठुला आयोजनालाई सम्पन्न गर्न सार्वजनिक- निजी साझेदारी नीतिलाई अवलम्वन गरिनेछ ।

162 पूर्वाधार विकास निर्माण कार्यमा उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनामा १०% लागत सहभागिता यथावत राखिनेछ ।

## वातावरण तथा विपद् व्यवस्थापन

### वातावरण

163 विप्द तथा जलवायु परिवर्तन सम्बन्धी स्थानीय अनुकूलन कार्ययोजना तर्जुमा गरी प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

164 घर नक्सा पास गराउनेलाई २ विरुवा अनिवार्य लगाउनु पर्ने नीतिलाई अवलम्बन गरिनेछ ।

165 नर्सरी स्थापना, विरुवा उत्पादन, वितरण, वृक्षरोपण र प्रवर्द्धन कार्यक्रम सरोकारवाला निकायको समन्वय र सहयोगमा उचित व्यवस्थापन गरिनेछ ।

चक्रघट्टा गा.पा. को १० औं गाउँसभा २०७९/८०

166 नदी किनार, नदी उकास, नहर किनार, सडक किनार र सार्वजनिक खाली जग्गा पाखा वा पखेरा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।

167 वातावरण मैत्री विकासको नीति अवलम्बन गरिनेछ ।

168 हरित गाउँपालिका निर्माण गर्ने नीतिलाई अवलम्बन गरिनेछ ।

## विपद् व्यवस्थापन, फोहोरमैला तथा ढल व्यवस्थापन

169 फोहोरमैला व्यवस्थापनको लागि २ वटा ट्रयाक्टर खरिद गरिनेछ ।

170 फोहोरमैला व्यवस्थापनको लागि उचित ठाउँ (Dumping Yard) को व्यवस्था मिलाईनेछ ।

171 गाउँक्षेत्रमा हुने विपद्, महामारी साथै सैकटलाई व्यवस्थापन गर्न गाउँपालिका स्तरीय विपद् व्यवस्थापन ससिति गठन गरी स्थानीय विपद् व्यवस्थापन शाखा मार्फत निम्नानुसारको कार्य गरिनेछ ।

172 विपद जोखिम न्यूनीकरण पूर्व तयारी सम्बन्धी जनचेतनामूलक कार्यक्रम ।

173 प्रकोपजन्य जोखिमलाई न्यूनीकरण गर्न विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा ।

174 आपतकालिन राहत कोषको परिचालन ।

175 टास्क फोर्स गठन तथा परिचालन ।

176 जोखिम क्षेत्रको पहिचानको लागि नक्साङन

177 पूर्व सूचना प्रणालीको विकास ।

178 हरेक कार्यालयमा डस्टवीनको अनिवार्य प्रयोगको व्यवस्था मिलाईने छ ।

179 बाटो घाटोमा अव्यवस्थित रुपमा पशु चौपाया बाध्ने वा छाडिने कार्यलाई निरुत्साहित तथा दण्डित गरिनेछ ।

180 फोहोरमैलालाई थप व्यवस्थापन गर्न हरेक वडामा एक स्वच्छता समन्वय समिति गठन गरी स्थानीय युवा क्लव, टोल विकास समिति, वस्ती स्तरका समूह वा समितिलाई प्रोत्साहन गरिनेछ ।

181 सडक तथा सार्वजनिक क्षेत्र अतिक्रमणलाई ध्यानमा राखी "**ओपेन रोड, क्लिन मार्केट**" को अवधारणालाई क्रमशः कार्यान्वयनमा ल्यानेछ ।

## संस्थागत विकास, सेवा प्रवाह र सुशासन

182 **"लोकतन्त्रको मूल आधार, घरघरमा स्थानीय सरकार**" भन्ने मूलमन्त्रलाई स्थापित गर्न जनताको दैनिक प्रशासनीक सेवालाई Zero Tolerence का साथ छिटो छरितो, सर्वसुलभ, जनमुखी र पारदर्शी बनाईनेछ ।

183 कर्मचारी समयसापेक्ष प्रविधिमैत्री बनाउनका लागि क्षमता विकास तालिम प्रदान गरी कार्यसम्पन्न गराउने नीति लिईनेछ । सोही कार्यको आधारमा कर्मचारी मूल्याङ्कन गरिनेछ ।

184 त्रैमासिक रुपमा जनप्रतिनिधिहरु र गाउँपालिकामा कार्यरत कर्मचारीहरु बीच सेवा प्रवाहको प्रभावकारीता मूल्याङ्कन गर्ने नीति अवलम्बन गरिनेछ ।

185 कर्मचारीहरुमा उत्प्रेरणा बढाई कार्यसम्पादनलाई अब्बल बनाउन कर्मचारीलाई मासिक भता तथा स्थानीय भत्ताको व्यवस्था गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिनेछ। साथै कर्मचारीको वृति विकासलाई मध्यनजर गर्दै Job Rotation, Job Enlargement जस्ता कर्मचारी क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।

186 सुशासनको आधारभूत पक्षहरु उत्तरदायित्व, जवाफदेहिता, पारदर्शिता र सहभागितालाई प्रवर्द्धन गर्दै सेवाग्राहीहरुलाई सुशासनको अनूभुति दिलाई प्रत्येक वडामा गुनासो पेटीका राख्ने नीतिलाई अवलम्वन गरिनेछ ।

187 गाउँ तथा वडा कार्यालय नागरिक वडापत्रलाई कडाईका साथ कार्यान्वयनमा जोड दिइनेछ ।

188 स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम अवकाश कोषमा हरेक बर्ष रकम विनियोजन गरी कर्मचारी कल्याणकोषको संचालन कार्यपालिकाबाट स्वीकृत नियमावलीबाट गरिनेछ ।

189 हरेक वडा युवा प्रोफाईल डेस्कको स्थापना गरी रुची, आवश्यकता र क्षमताको अनुसार युवाहरुलाई अभिमुखीकरण तालिम प्रदान गरी कृषि, मजुदर, सिकर्मी, डकर्मी, विधुत प्राविधिक तथा पलम्बर जस्ता तयार गरिनेछ ।

190 संघीय, प्रदेश तथा स्थानीय कानून बमोजिम सार्वजनिक सम्पतिको खरिद तथा सुरक्षण कार्यलाई व्यवस्थित गरिनेछ। साथै सरकारी सम्पतिको संरक्षण, सम्वर्द्धन एवं एकीकृत अध्यावधिक गर्न नेपाल सरकारको अधिकारिक सफ्टवेयर मार्फत सशक्त बनाईनेछ ।

191 जिल्ला समन्वय समिति देखि वडासम्मको समन्वय, सम्पर्क, पत्राचार, सभा, समारोह, शिष्टाचार लगायतका विषयमा व्यवस्थित कार्यविधि अपनाईनेछ ।

192 नागरिक सेवा र सुशासन अभिवृद्धि गर्न **खुल्ला स्थानीय सरकार कार्यक्रम** संचालन गरिनेछ ।

193 गाउँसभा र गाउँ कार्यपालिकाले बनाएको कानूनको परिधिमा रही बैठक व्यवस्थापन, अभिलेखीकरण तथा प्रकाशन गरिनेछ ।

194 कार्यपालिकाका विभिन्न समिति, उपसमिति, कार्यदलको बैठकलाई वैठकको मूल्य-मान्यता तथा वरियता समेतलाई ध्यानमा राखी अनुशासित र मर्यादित बनाईनेछ ।

चक्रघट्टा गा.पा. को १०औं गाउँसभा २०७९/८०

195 स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङकन कार्यविधि,२०७७ ले लिएको लक्ष्य तथा सूचक बमोजिम कार्य गर्न सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गर्न विशेष व्यवस्था गरिनेछ ।

196 उपभोक्ता अधिकार तथा हक सम्बन्धी नीति, कानून, मापदण्ड निर्माण गरि कार्यान्वयन तथा नियमन गरिनेछ ।

197 स्थानीय वस्तुहरुको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण लगायत वस्तु तथा सेवाको गुणस्तरलाई नियमित अनुगमन गरिनेछ ।

198 स्थानीय व्यापार प्रवर्द्धन सहजीकरण र स्थानीय बौद्धिक सम्पतिको संरक्षण, सम्बर्द्धन र अभिलेखाङकन गरिनेछ ।

199 पूर्व आन्तरिक लेखापरीक्षण कार्यलाई आन्तरिक लेखापरीक्षकबाट सञ्चालन गरिनुको साथै साविक गा.वि.स.को लेखापरीक्षणबाट देखिएको वेरुजुको लगत विवरण तयार गरी वेरुजु असुल उपर गरिनुको साथै सोको अभिलेखीकरण समेत गरिनेछ ।

200 लेखापालन सम्बन्धी क्षमता विकास तथा तालिमको व्यवस्था गरिनेछ ।

201 स्थानीय चाडपर्व, सार्वजनिक पर्व, उत्सव, जात्रा, उर्दी आदिको स्थानीय आवश्यकता अनुरुप उचित व्यवस्थापनको कार्यलाई निरन्तरता दिनेछ ।

202 उपाधी तथा विभूषण सम्बन्धी सिफारिस अभिलेख व्यवस्थित रुपमा राखिनेछ र वितरण कार्यलाई पारदर्शी बनाईनेछ ।

चक्रघट्टा गा.पा. को १०औं गाँउसभा २०७९/८०

## कानून तथा न्याय

203 नेपालको संविधान,२०७२ को धारा १२६ बमोजिम नगर प्रहरी ऐन, नियमावली निर्माण गरी गाउँपालिकाको शान्ति, सुरक्षा र जनसेवा तथा गाउँ प्रहरीको सञ्चालन तथा व्यवस्थापन नीति कानून बमोजिम गाउँ हितकारी कार्य गर्ने कामलाई व्यवस्थित गरिनेछ ।

204 असहाय र अन्यायमा परेकाहरुलाई निःशुल्क कानूनी परामर्शका लागि आवश्यक व्यवस्था मिलाउने छ ।

205 प्रत्येक वडामा एक विवाद तथा मेलमिलाप केन्द्र स्थापना गरी न्याय सम्पादन कार्यलाइ प्रभावकारी बनाईनेछ ।

206 आगामी आर्थिक बर्षमा न्यायीक समितिको सचिवालय व्यवस्थापन गरी न्याय, कानून, मानव अधिकार प्रवर्द्धन तथा मेलमिलाप र मध्यस्थकर्ताको निर्णय तथा फैसलालाई व्यवहारिक रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

207 न्यायीक निर्णय तथा फैसला कार्यान्वयनको लागि न्यायीक इजलास लगायतका भौतिक संरचना निर्माण, संस्थागत क्षमता विकास र संगाठनिक निर्माणको कार्यलाई जोडदार रुपमा अगाडी बढाईनेछ ।

208 न्यायीक ईजलास स्थापना गरिनेछ ।

# वित्तिय क्षेत्र

## राजश्व परिचालन, वित्तिय व्यवस्थापन तथा सुशासन

209 प्रगतिशील करको सिद्धान्त बमोजिम कर प्रणाली अवलम्बन गरिनेछ । सो सम्बन्धी कर शिक्षा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

210 कर शिक्षाको मार्फत स्वतःस्फुर्त करका दायरा भित्र आउने गरी नयाँ क्षेत्र पहिचान गरी करका दर न्यून गरी करको दायरा फराकिलो बनाईनेछ ।

211 राजश्व परामर्श समितिको सुझावाको आधारमा कर, दस्तुर, शुल्क, भाडा निर्धारण गरिनेछ ।

212 बढी तथा नियमित कर तिर्ने करदातालाई प्रोत्साहित गर्दै घर बहाल कर नतिर्ने धरधनीलाई करको दायरामा ल्याउनेछ ।

213 वित्तिय अनुशासन कायम गर्ने शुन्य पेश्की नीति लागू गरिनेछ ।

214 अर्थशास्त्रको सिद्धान्त बमोजिम कर, दस्तुर, सेवाशुल्क, लगायतको अन्य करहरुलाई नागरिकमैत्री तथा पारदर्शी बनाई गाउँको समग्र आन्तरिक आयमा बृद्धि गर्ने नीति अवलम्वन गरिनेछ ।

215 आर्थिक कारोवारको पारदर्शिताको लागि गाउँपालिकाको वेभसाईट मार्फत नियमित रुपमा सार्वजनिक गर्दै ठेक्का पट्टालाई E-Bidding मार्फत गरिने नीतिलाई निरन्तरता दिईनेछ ।

216 राजश्व प्रणालीलाई थप व्यवस्थित गर्नको लागि राजश्व सम्बन्धी सफ्टवेयर मार्फत राजश्व संकलन गरिने कार्य कडाईका साथ लागू गरिनेछ ।

**अन्त्यमा,**

यस नीति तथा कार्यक्रम तर्जुमाका लागि सहयोग सुझाब र सल्लाह प्रदान गर्नुहुने श्रद्धेय गाउँसभाका उपाध्यक्षज्यू लगायत सबै गाउँसभाका सदस्यज्यूहरु, विषयगत समितिका पदाधिकारीहरु, राष्ट्रसेवक कर्मचारी, पत्रकार, संघ संस्थाहरु सबैलाई धन्यवाद दिन चाहन्छु । नीति कार्यान्वयनमा समेत यस्तै सृजनात्मक, सकारात्क तथा रचनात्मक सहयोगको अपेक्षा गरेको छु । यहाँहरुको सक्रिय सहभागिता र सघन छलफलबाट यो बार्षिक नीति तथा कार्यक्रम पारित हुनेछ भन्ने अपेक्ष सहित छलफलमा सहभागिताका लागि अनुरोध गर्दै सम्पूर्ण प्रति हार्दिक आभार प्रकट गर्दै विदा हुन चाहन्छु । **जय जनता !!!**

चक्रघट्टा गा.पा. को १० शौं गाउँसभा